**चाइल्ड फाइन्ड (Child Find) सम्बन्धी गाइड**
***जुलाई 2024 मा समीक्षा गरिएको***

Kentucky Department of EDUCATION

यो गैर-नियामक मार्गदर्शन विशेष शिक्षा पेशेवर र आमाबुवालाई चाइल्ड फाइन्ड प्रक्रियाका लागि सन्दर्भ मार्गदर्शकको रूपमा प्रदान गर्नका लागि हो। यस गाइडको उद्देश्य विशेष शिक्षा पेशेवर र आमाबुवालाई असक्षमता भएका र विशेष शिक्षा तथा सम्बन्धित सेवाहरूको आवश्यकता पर्न सक्ने बालबालिकालाई खोज्ने, पहिचान गर्ने र मूल्याङ्कन गर्ने प्रक्रियालाई राम्रोसँग बुझ्न सहयोग गर्नु हो।

## चाइल्ड फाइन्ड भनेको के हो?

केन्टकी प्रशासनिक नियमावली (KAR), 707 KAR 1:300, तथा संघीय नियमावली (CFR), 34 CFR 300.111, अनुसार चाइल्ड फाइन्ड भनेको स्थानीय शिक्षा निकायहरू (LEAs) ले जन्मदेखि 21 वर्ष उमेरसम्मका असक्षमता भएका र प्रारम्भिक विशेष शिक्षा सेवा तथा सम्बन्धित सेवाहरू आवश्यक पर्न सक्ने सबै बालबालिकालाई खोज्ने, पहिचान गर्ने र मूल्याङ्कन गर्ने प्रक्रिया हो। यस प्रक्रियामा निम्न बालबालिका समावेश छन्:

- 3 देखि 21 वर्षसम्मका बालबालिका;
- स्कुलमा रहेका वा नरहेका बालबालिका;
- एक कक्षाबाट अर्को कक्षामा बढुवा भइरहेका बालबालिका;
- LEA को भौगोलिक क्षेत्रभित्र रहेको घर, संस्थागत सुविधा वा आवासमा बसोबास गर्ने बालबालिका;
- आमाबुवाद्वारा प्राइभेट स्कुल, होमस्कुल वा भर्चुअल स्कुल अध्ययनका लागि भर्ना गरिएका बालबालिका;
- पालनपोषण परिवारमा रहेका वा राज्यको संरक्षणमा रहेका बालबालिका;
- बारम्बार स्थान परिवर्तन गर्ने, प्रवासी वा घरविहीन बालबालिका; तथा
- किशोर बन्दीगृह, स्थानीय वा क्षेत्रीय कारागारमा थुनिएका बालबालिका।

## चाइल्ड फाइन्डका लागि ज्ञानको आधार

- निम्न अवस्थामा कुनै बच्चा असक्षमता भएको बच्चा हो भन्ने ज्ञान LEA सँग हुन्छ भने:
  - बच्चाको आमाबुवाले LEA का कर्मचारी वा शिक्षकलाई मौखिक वा लिखित रूपमा बच्चालाई विशेष शिक्षा तथा सम्बन्धित सेवाको आवश्यकता छ भन्ने चिन्ता व्यक्त गरेको छ;
  - आमाबुवाले मूल्याङ्कनको अनुरोध गर्नुभएको छ; वा
  - बच्चाका शिक्षक वा LEA का अन्य कर्मचारीले कार्यसम्पादन वा व्यवहारको ढाँचाबारे विशेष शिक्षा निर्देशक (DoSE) वा अन्य प्रशासकलाई प्रत्यक्ष रूपमा चिन्ता व्यक्त गरेका छन्। [707 KAR 1:340, Section 17(1)]

- कुनै बच्चामा असक्षमता हुन सक्ने जानकारी प्राप्त गरेपछि पनि LEA सँग त्यस बच्चा असक्षमता भएको हो भन्ने ज्ञान नहुने मानिन्छ भने:
  - LEA द्वारा मूल्याङ्कन गरिएको र त्यसबाट बच्चामा असक्षमता नभएको निर्धारण गरिएको छ;

- LEA ले मूल्याङ्कन आवश्यक छ भन्ने निर्धारण गरेको र त्यस सम्बन्धमा आमाबुवालाई सूचना प्रदान गरिएको छ; वा
- आमाबुवाले मूल्याङ्कनका लागि सहमति दिन अस्वीकार गरेका छन् वा बच्चाका लागि प्रारम्भिक सेवाहरू अस्वीकार गरेका छन्। [707 KAR 2:340, Section 17(1)]

## चाइल्ड फाइन्डको जिम्मेवारी कसको हुन्छ?

- "विद्यार्थीको बसोबास रहेको डिस्ट्रिक्ट नै चाइल्ड फाइन्डको जिम्मेवार हुन्छ (707 KAR 1:300, खण्ड 1)। कुनै विद्यार्थी गैर–निवासी विद्यार्थीका रूपमा कुनै डिस्ट्रि क्टमा भर्ना हुँदा उक्त स्वीकार गर्ने डिस्ट्रिक्ट लोकल डिस्ट्रिक्टको नीतिअनुसार भर्ना अवधिभर विद्यार्थीको बसोबास डिस्ट्रिक्ट मानिन्छ र चाइल्ड फाइन्डको जिम्मेवारी लिन्छ। कुनै विद्यार्थीले भर्ना अवधि पूरा गरेमा र गैर–निवासी विद्यार्थीका रूपमा पुनः भर्ना नभएमा चाइल्ड फाइन्डको जिम्मेवारी बालबालिका बसोबास गर्ने डिस्ट्रिक्टमा पुनः फर्किन्छ [गैर–निवासी विद्यार्थी भर्ना नीति र असक्षमता भएका विद्यार्थीहरू]।"
- प्राइभेट स्कुल अवस्थित रहेको LEA ले आमाबुवाद्वारा प्राइभेट स्कुलमा राखिएका असक्षमता भएका बालबालिकाका लागि पूर्ण र विस्तृत चाइल्ड फाइन्ड प्रक्रिया सञ्चालन गरी, LEA भित्र प्राइभेट स्कुलमा अध्ययन गर्ने असक्षमता भएका बालबालिकाको सङ्ख्या निर्धारण गर्नुपर्छ। [नन- पब्लिक स्कुल सामान्य मुद्दाहरूसम्बन्धी बारम्बार सोधिने प्रश्नहरू (गैर-सरकारी शिक्षा कार्यालय, अगस्ट 2019)]

## चाइल्ड फाइन्डका लागि LEA का जिम्मेवारीहरू के के हुन्?

- प्रारम्भिक हस्तक्षेप कार्यक्रमबाट प्रिस्कुलमा सहज र प्रभावकारी संक्रमण सुनिश्चित गर्नु 707 KAR 1:300, खण्ड 1(2);
- प्रारम्भिक हस्तक्षेप कार्यक्रमअन्तर्गत सेवा प्राप्त गरिरहेका असक्षमता भएका प्रि-स्कुल उमेरका बालबालिकाका लागि हुने संक्रमण योजना बैठकहरूमा सहभागी हुनु [707 KAR 1:300, खण्ड 1(3)];
- किन्डरगार्टनदेखि 12 कक्षासम्मका बालबालिकाका लागि प्रारम्भिक हस्तक्षेप सेवाहरू सञ्चालन गर्नु, विशेषगरी किन्डरगार्टनदेखि तेस्रो कक्षासम्मका त्यस्ता बालबालिकामा जोड दिँदै जसलाई थप शैक्षिक तथा व्यवहारिक सहयोगको आवश्यकता हुन सक्छ [707 KAR 1:300, खण्ड 2];
- डिस्ट्रिक्टभित्र वा बाहिरका स्रोतहरूबाट प्राप्त हुने सिफारिसहरू कसरी स्वीकार गरिने छ र समयमै त्यसमा कारबाही गरिने छ भन्ने कुरा स्पष्ट गर्ने प्रणाली कार्यान्वयन गर्नु [707 KAR 1:300, खण्ड 3(1)];
- बच्चालाई उपयुक्त र सान्दर्भिक शिक्षण तथा हस्तक्षेप सेवाहरू प्रदान गरिएको सुनिश्चित गर्नु [707 KAR 1:300, खण्ड 3(3)(a)];
- डाटामा आधारित कागजातहरू उचित अन्तरालहरूमा सङ्कलन, मूल्याङ्कन तथा सुरक्षित गरिएको सुनिश्चित गर्नुहोस् [707 KAR 1:300, खण्ड 3(3)(b)];
- प्रारम्भिक सिफारिस वा मूल्याङ्कनका लागि अनुरोध गरिएको अवस्थामा आमाबुवा/अभिभावकलाई अभिभावकका अधिकारहरूसहितको प्रक्रियागत संरक्षण सूचनाको प्रतिलिपि प्रदान गर्नु पर्ने छ [707 KAR 1:340, खण्ड 5(1)];

- प्रारम्भिक मूल्याङ्कन सञ्चालन गर्नुअघि तथा विशेष रूपमा डिजाइन गरिएको निर्देशन र सम्बन्धित सेवाहरू प्रदान गर्नुअघि अभिभावकीय सूचित सहमति लिखित रूपमा प्राप्त गर्नु पर्ने छ [707 KAR 1:340, धारा 6(1)] [707 KAR 1:002, खण्ड 1(15)(b)];
- विशेष रूपमा डिजाइन गरिएको निर्देशन तथा सम्बन्धित सेवाहरूका लागि विचार गरिने हरेक बच्चाको पूर्ण तथा व्यक्तिगत मूल्याङ्कन सञ्चालन गरिएको सुनिश्चित गर्नु पर्ने छ [707 KAR 1:300 खण्ड 4(1)]; र
- बच्चाको आवश्यकताहरू निर्धारण गर्न तथा आवश्यक भएमा व्यक्तिगत शिक्षा कार्यक्रम (IEP) विकास गर्न, भर्ना तथा निष्कासन समिति (ARC) का बैठकहरूमा मूल्याङ्कनका नतिजाहरू प्रयोग गर्नु पर्ने छ [707 KAR 1:300, खण्ड 4(1)]।

## सम्झनुपर्ने मुख्य बुँदाहरू

सम्झनुपर्ने मुख्य बुँदाहरू विशेष शिक्षासम्बन्धी कानुनी प्रक्रियाका लागि केन्टकीको गाइडमा फेला पार्न सकिन्छ।

- कुनै बच्चामा असक्षमता भएको शङ्का लाग्यो भने शिक्षक, अभिभावक वा अन्य कुनै पनि व्यक्तिले जुनसुकै समयमा रेफरल गर्न सक्नुहुन्छ।
- रेफरलले बच्चालाई असक्षमता छ वा छैन र विशेष शिक्षा सेवाहरू आवश्यक छन् वा छैनन् भन्ने निर्धारण गर्ने प्रक्रियाको सुरुवात गर्छ।
- रेफरल वा मूल्याङ्कनका लागि अनुरोधहरू व्यक्तिगत रूपमा, फोनद्वारा वा लिखित रूपमा गर्न सकिन्छ तर लिखित कागजात सबैभन्दा उत्तम हुन्छ।
- रेफरल जसले वा जहाँबाट गरेको भए पनि, त्यसले बच्चाको मूल्याङ्कन गरिने छ भनी सुनिश्चित नगरे तापनि यसले ARC लाई उठाइएका चिन्ताहरूका बारेमा छलफल गर्न र आगामी कदमहरू निर्धारण गर्न आवश्यक बनाउँछ।

## चाइल्ड फाइन्डका लागि विचार गर्नुपर्ने तथ्याङ्कका स्रोतहरू

- प्रारम्भिक चेतावनी तथा स्नातकसम्म निरन्तरता कायम राख्नका लागि प्रयोग गरिने उपकरणहरू: असक्षमता हुनसक्ने जोखिममा रहेका विद्यार्थीहरूको निगरानी तथा पहिचान गर्ने उपाय तथा तरिकाहरू, जसलाई सङ्घर्ष गरिरहेका विद्यार्थीहरूका प्रारम्भिक सङ्केत पाउनका लागि सबै कक्षा तहमा प्रयोग गर्न सकिन्छ।
- इन्फिनिट क्याम्पस डेटा एनालाइसिस पोर्टल: केन्टकीको राज्यव्यापी विद्यार्थी सूचना प्रणाली इन्फिनिट क्याम्पसमा जनसांख्यिकीय तथ्याङ्क विश्लेषण गर्न सहयोग पुर्‍याउने Tableau डेटाका दृश्यहरू प्रदान गर्छ।
- स्कुल रिपोर्ट कार्ड: हरेक स्कुल तथा डिस्ट्रिक्टसम्बन्धी जानकारी प्रदान गर्छ, यसमा स्कुलका विशेषताहरूको समग्र अवलोकन, शैक्षिक प्रदर्शन, शैक्षिक अवसरहरू, वयस्क जीवनमा संक्रमण, स्कुलको उजवाफदेहिता, स्कुल सुरक्षा तथा वित्तीय पारदर्शिता पर्छन्।

- इक्विटी ड्यासबोर्ड: विभिन्न क्षेत्रहरूमा जनसांख्यिक समूहहरूको कम वा बढी प्रतिनिधित्वसम्बन्धी डेटा प्रदान गर्छ। स्कुल तथा डिस्ट्रिक्टहरूलाई थप ध्यान आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्न सहयोग पुर्‍याउने गरी "समग्र दृष्टिकोण" प्रदान गर्छ।
- पानोरामा इम्प्याक्ट केन्टकी: इम्प्याक्ट केन्टकी कार्य अवस्थाहरूबाट नतिजाहरू प्रदान गर्छ।
- उल्लेखनीय असमानुपातिकता र समग्र व्यापक प्रारम्भिक हस्तक्षेप सेवा (CCEIS)/समग्र प्रारम्भिक हस्तक्षेप सेवा (CEIS): 14 वटा वर्गभरि जातीय तथा जनजाति तथ्याङ्कको निगरानीसम्बन्धी जानकारी प्रदान गर्छ।

## स्रोतहरू

- मूल्याङ्कन र योग्यता: मूल्याङ्कन तथा योग्यतासम्बन्धी जानकारी र स्रोतहरू प्रदान गर्छ।
- विशेष शिक्षासम्बन्धी कानुनी प्रक्रियाका लागि केन्टकीको गाइड: विशेष शिक्षा प्रक्रियाका आवश्यकता र चरणहरूसम्बन्धी जानकारी प्रदान गर्छ।
- गैरआवासीय विद्यार्थी नामाङ्कन नीतिसम्बन्धी गाइड - HB 563: HB 563 का धारा 1-4 का प्रावधानहरू कार्यान्वयन गर्दा स्कुल तथा डिस्ट्रिक्टहरूलाई सहायता गर्न महत्त्वपूर्ण अपडेटहरू प्रदान गर्छ।
- गैरआवासीय विद्यार्थी नामाङ्कन नीतिहरू तथा असक्षमता विद्यार्थीहरू – HB 563: डिस्ट्रिक्टका गैरआवासीय विद्यार्थीहरूका लागि चाइल्ड फाइन्डसम्बन्धी जानकारी प्रदान गर्छ।
- प्रौढ सुधारात्मक सुविधास्थलहरूमा रहेका असक्षमता विद्यार्थीहरूसम्बन्धी प्रश्न तथा उत्तरहरू: कैदमा रहेका विद्यार्थीहरूका लागि चाइल्ड फाइन्डसम्बन्धी आवश्यकताहरूका बारेमा जानकारी प्रदान गर्छ।
- स्कुलमा पुनरागमनको रोडम्याम — असक्षमता व्यक्तिहरूको शिक्षा ऐनको भाग B अन्तर्गतको चाइल्ड फाइन्ड (अगस्ट 24, 2021): यसले IDEA अन्तर्गतको चाइल्ड फाइन्डसम्बन्धी दायित्वहरूका आवश्यकताहरूका बारेमा जानकारी प्रदान गर्छ, यसले राज्यभित्र रहेका सबै असक्षमता बालबालिकाको पहिचान, स्थान तथा मूल्याङ्कनसहित निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) सुनिश्चित गर्छ।
- हेड स्टार्टमा रहेका IDEA सेवासम्बन्धी आदरणीय सहकर्मीहरूको पत्र (अक्टोबर 5, 2022) - असक्षमता व्यक्तिहरूको शिक्षा ऐन: हेड स्टार्ट कार्यक्रमहरूमा नामाङ्कन गरिएका असक्षमता बालबालिकाले न्यूनतम प्रतिबन्धात्मक वातावरण (LRE) हरूमा मा निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (FAPE) प्राप्त गर्न सकून् भन्ने सुनिश्चित गर्न IDEA कार्यान्वयनका सम्बन्धमा राज्य शिक्षा निकाय (SEA) हरू, स्थानीय शिक्षा निकाय (LEA) हरू तथा हेड स्टार्ट कार्यक्रमहरूको जिम्मेवारीसम्बन्धी जानकारी प्रदान गर्छ।
- स्कुलमा पुनरागमनको रोडम्याम - चाइल्ड फाइन्ड: यसले IDEA अन्तर्गतका चाइल्ड फाइन्ड दायित्वहरूको उचित कार्यान्वयनको महत्त्वका बारेमा जानकारी प्रदान गर्छ, यसअन्तर्गत राज्यहरूमा रहेका सबै असक्षमता बालबालिकाको पहिचान, स्थान तथा मूल्याङ्कन गर्नुपर्ने आवश्यकता हुन्छ।
- बारम्बार सोधिने प्रश्नहरू – गैरसरकारी स्कुलहरूसँग सम्बन्धित सामान्य समस्याहरू (गैर-सरकारी शिक्षा कार्यालय अगस्ट 2019): यसले गैरसरकारी स्कुल समुदायलाई प्राइभेट स्कुलका विद्यार्थी, शिक्षक तथा परिवारका लागि उपलब्ध संघीय शिक्षा लाभ र सेवासम्बन्धी बारम्बार सोधिने प्रश्नहरू प्रदान गर्छ।